# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
च.न.: –

**करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी प्रकाशित सूचना**

सूचना प्रकाशित मिति २०८२/०७/१४

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारवीच द्विपक्षीय सम्झौता भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरूको साझेदारीमा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तगर्त धुर्कोट गाउँपालिकामा मनोसामाजिक परामर्श सेवा तथा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेकोले योग्य नेपाली नगारिहरूबाट तल उल्लेखित पदका लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरू सहित यस कार्यलयमा रितपुर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | संख्या | शैक्षिक योग्यता | आवेदन शुल्क | कै |
|---|---|---|---|---|---|
| १०/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) | १ | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिसटेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ मनोविज्ञान/समाजशास्त्र/ सोसियल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उर्तिण गरको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उर्तिण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइनेछ ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।<br>• कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको Word, Excel, PowerPoint मा दिईएको प्रश्नहरूको उत्तर नेपाली वा अग्रेजी भाषमा उल्लेख गर्नुपर्नेछ ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने । | ७०० | |
| ११/०८२/०८३ | रिटर्नी स्वयंसेवक | २ | • न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजागरी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरको अनुभव भएको ।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।<br>**नोट : यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनुपर्नेछ ।** | ५०० | |

**परिक्षाको किसिमः** मनोसामाजिक परामर्श कर्ताको हकमा (लिखित अन्तवार्ता र प्रयोगात्मक) र रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तवार्ता

**तलब तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

**उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाधेको)

दरखास्त पेश गर्ने अन्तिम मितिः २०८२/०७/२८ गते सम्म

**आवश्यक कागजातहरू** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो तीन प्रतिसाथै आफ्नुले आवेदन दिन चाहेको पद प्रष्ट रूपमा खुलाई निवेदन सहित धुर्कोट गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया** :

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरूलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्क परिक्षमा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरू खासगरीमहिला, दलित, जनजाती, मधेसी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरूको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८४४७२६०११, ९८५७०६४७७१

खड्क वहादुर थापा
नि, प्रमुख प्रशासकीय अधिकृत